कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
१ नं. प्रदेश, नेपाल


प.स. २०७६/०७७ (रोजगार शाखा)
च.नं.: 606

मिति: २०७६/०८/०६

**विषय :आयोजना उपलब्ध गराई दिने सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै
कचनकवल गाउँपालिका
झापा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमले संघ, प्रदेश र स्थानीय तहहरुको सहकार्यमा स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न एवं सामुदायिक पूर्वाधार मार्फत नागरिको जीवनयापनमा सुधार ल्याउने उधेश्य लिएको वितितै छ । यसका लागी एउटा आयोजनाको लागत रु दश लाख भन्दा बढी नहुने गरी देहायका क्षेत्र भित्र पर्ने ६ वटा आयोजना पहिचान गरी सिफारिस सहित यो पत्र प्राप्त भएको मितिले सात दिन भित्र पठाउनुहुन अनुरोध छ । र साथै आयोजनाको ढाँचा र क्षेत्र यसै पत्र साथ संलग्न राखी पठाइएको छ ।

**आयोजना छनौट प्रकृया**

१ गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने

२ उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने

३ वढी भन्दा वढी जनसंख्यालाई लाभ पुग्ने

४ स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने र

५ वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्‍याउन

तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत


इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com वेबसाइट: www.kachankawalmun.gov.np
फोन नं. : ९८५२६५५२१०


"मनोरम प्रकृति, धनहर सुपरजोन कचनकवलको सान – सुशासन सहितको दिगो बिकाश हाम्रो साझा अभियान"

Scanned by CamScanner

## परिच्छेद २

## आयोजनाको ढाँचा र क्षेत्र

३. **आयोजनाको ढाँचा:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम देहायका ढाँचामा आयोजना सञ्चालन गर्न सक्नेछन्:

(क) **सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनामार्फत रोजगारी सिर्जना** सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) **सार्वजनिक पूर्वाधार मर्मत सम्भारमार्फत रोजगारी सिर्जना:** (१) स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित आयोजना सञ्चालन ।

(ग) **अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था:** बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत भएका अपाङ्गता भएको कुनै पनि व्यक्तिका लागि रोजगारीको हकको सुनिश्चित गर्न स्थानीय तहले देहाय बमोजिमको विशेष व्यवस्था गर्न सक्नेछ:

(अ) शारीरिक अवस्था र शैक्षिक योग्यताका आधारमा उपयुक्त रोजगारीका अवसर उपलब्ध भए त्यस्तो रोजगारीमा निजलाई प्राथमिकता दिई खटाउन,

(आ) निजको व्यवसाय प्रस्तावपत्र (Business Proposal) सहितको निवेदनका आधारमा बढीमा तीन महिनाको निःशुल्क स्वरोजगारमूलक व्यवसायिक तथा सीप विकास तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण ऋणका लागि सम्बन्धित निकायमा सिफारिस र सहजीकरण गर्न, वा

(इ) निर्देशिकाको दफा ८६ बमोजिमको लक्षित वर्गको लागि विशेष व्यवस्था अन्तर्गतको सुविधा उपलब्ध गराउन मन्त्रालयमा सिफारिस गर्न ।

४. **कार्यस्थलमा आधारित तालिम:** (१) सूचिकृत बेरोजगार व्यक्तिहरुलाई दफा ३ को देहाय (क) र ख बमोजिमका आयोजनामा रोजगारीमा खटाउँदा खटिएको आयोजनामा काम गरिरहँदाकै बखत उनीहरुमा कामसंग सम्बन्धित सीप एवं क्षमता विकास गर्न कार्यस्थलमा आधारित तालिम प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यस्थलमा आधारित तालिम दिइएको अवधिलाई रोजगार दिनकै रुपमा गणना गरी श्रमिकलाई सो अवधिको समेत ज्याला उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यस्थलमा आधारित तालिम सञ्चालन सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ ।



Scanned by CamScanner

५. **आयोजना सञ्चालनका क्षेत्र**: यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ:

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण



Scanned by CamScanner